# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुरको

## चिकित्सा शिक्षा आयोगद्वारा मिति २०८०।०४।०८ गते प्रकाशित सूचना प्रति गम्भीर ध्यानार्कषण भएको बारे सम्बन्धित अभिभावक, विद्यार्थी र सरोकारवालाहरूका लागि

## अत्यन्त जरुरी सूचना !

प्रकाशित मिति : २०८०।०४।१०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ द्वारा गठित स्वायत्त, अविछिन्न उत्तराधिकारवाला संस्थाले परिषद्को ऐन, नियम, विनियम बमोजिम प्रमाण-पत्र तह सम्मका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको व्यहोरा सम्बद्ध सबैमा जानकारी नै छ। यसै बीच चिकित्सा शिक्षा आयोगसँग पटक पटक भएका समन्वयात्मक बैठकहरूकै क्रममा परिषद् परीक्षा नियन्त्रण कार्यालयद्धारा शैक्षिक सत्र २०८०/०८१ को विद्यार्थी भर्नाका लागि गरिएको सूचना सम्बन्धमा चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरद्वारा मिति २०८०/०४/०८ गते प्रकाशित सूचनाले विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूमा परेको भ्रम प्रति परिषद्को गम्भिर ध्यानाकर्षण भएको छ। अतः परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा प्रकाशित सूचना अनुसार नै शैक्षिक सत्र २०८०/०८१ को भर्ना प्रक्रियामा समावेश हुन सम्बन्धित अभिभावक, विद्यार्थी र सरोकारवाला सबैमा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८